



# कर शिक्षा पुस्तिका, २०८०

करदाता सेवा कार्यालय, श्रीनगर, सल्यान

# विषयसूची


| | |
|---|---|
| आयकर | ४ |
| मूल्य अभिवृद्धि कर | २२ |
| अन्तःशुल्क | ३४ |
| मिसम्याच सम्बन्धि जानकारी | ३८ |
| आर्थिक वर्ष २०८०/०८१ का लागि भुक्तानीमा करकट्टी र करको दरसम्बन्धी जानकारी | ४० |


करदाता सेवा कार्यालय, श्रीनगर, सल्यान


पुस्तक : **कर शिक्षा पुस्तिका, २०८०**

प्रकाशक : करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

संस्करण : पहिलो २०८० असार


सर्वाधिकार : करदाता सेवा कार्यालय श्रीनगर, सल्यान


लेआउट : मनोज बोहरा

मुद्रण : जनता प्रेस हाउस प्रा.लि., ०१-४३७८३३०

# कर शिक्षा पुस्तिका, २०८०

करसम्बन्धी सचेतना अभिवृद्धि गरी कर कानुनको परिपालनाको अवस्था सुधार गर्ने र आर्थिक ऐन, २०८० ले ल्याएका करसम्बन्धी प्रावधानबारे कर दातालाई जानकारी गराई बढीभन्दा बढी करदाता उक्त सुविधाबाट लाभान्वित हुने अवस्था सिर्जना गर्ने र कर कानुनसम्बन्धी सामान्य जानकारीको अभावमा कुनै पनि करदाता थप कर, शुल्क, ब्याज र जरिवानामा पर्नु नपरोस् भन्ने अभिप्रायले यो "कर शिक्षा पुस्तिका" प्रकाशन गरिएको छ ।

यस पुस्तिकाका विभिन्न खण्डमा कर कानुनसम्बन्धी आधारभूत जानकारी, आय विवरणका प्रकार र दाखिला गर्नुपर्ने आयकरसम्बन्धी जानकारी, भुक्तानीमा करकट्टी र करका दरसम्बन्धी जानकारी र आर्थिक ऐन, २०८० ले करससम्बन्धी गरेका व्यवस्थासम्बन्धी जानकारी समावेश गरिएको छ ।

यस पुस्तिकाको अध्ययनबाट आफू लाभान्वित भई अन्य करदाताहरूलाई समेत सोसम्बन्धी जानकारी दिई स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने कार्यमा सहयोग गरिदिनुहुने छ भन्ने अपेक्षा गरिएको छ ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

# आयकर

**PAN भनेको के हो? PAN र VAT No. एउटै हो कि फरक?**

» PAN भनेको Permanent Account Number (स्थायी लेखा नम्बर) हो, जुन ९ अङ्कको हुन्छ ।

» जसरी नागरिकलाई चिनाउने नागरिकता नम्बर हुन्छ, विद्यार्थीलाई चिनाउने रोल नम्बर हुन्छ, बैङ्कमा खाता खोल्नेको एउटा छुट्टै खाता नम्बर हुन्छ, त्यसरी नै व्यवसाय गर्ने व्यक्ति/निकायलाई चिनाउने एउटा अद्वितीय (Unique) नम्बर हुन्छ । त्यसैलाई PAN भनिन्छ । जस्तैः ABC Company Pvt. Ltd., PAN 617222222 । नेपाल किराना पसल 616263640 आदि । अतः PAN नलिईकन कारोबार गर्न पाइँदैन । PAN विनाको कारोबारलाई राज्य/कानुनले चिन्दैन ।

» PAN व्यवसायीको चिनारी हो । व्यवसायको जन्मकुण्डली PAN मै समावेश हुन्छ ।

» जब कुनै करदाता VAT मा दर्ता हुन्छ, तब PAN लाई नै VAT No. भनिन्छ । VAT No. र PAN छुट्टाछुट्टै हुँदैन । जुनसुकै र जतिसुकै कारोबार गर्ने भए तापनि एक व्यक्ति/निकायका लागि एउटा मात्र PAN/VAT No. हुन्छ ।

**म व्यवसाय गर्ने सोचमा छु । यसका लागि मैले के के गर्नुपर्छ ?**

» तपाईँले व्यवसाय सञ्चालन गर्नुपूर्व कर कार्यालयबाट स्थायी लेखा नम्बर (PAN) लिनुपर्छ ।

» सम्बन्धित स्थानीय तह, घरेलु तथा साना उद्योग कार्यालय, औषधि विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय आदिमा आफ्नो व्यवसाय दर्ता गरेपछि मात्र कर कार्यालयबाट स्थायी लेखा नम्बर लिनुपर्छ ।

**मेरो व्यवसाय घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता छ । मैले कर कार्यालयमा पनि दर्ता गर्नुपर्छ र ?**

» अवश्य पर्छ ।

» कर कार्यालयबाट स्थायी लेखा नम्बर लिएपछि मात्र करका दृष्टिमा तपाईँको कारोबार वैधानिक हुन्छ ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

**मेरो फर्म २०७७।०४।०१ मा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको हो तर मसँग स्थायी लेखा नम्बर छैन । अब स्थायी लेखा नम्बर लिँदा मैले कर तिर्नुपर्छ र?**

- आयकर ऐन, २०५८ को दफा ७८(४) ले व्यवसाय सञ्चालन गर्नुपूर्व स्थायी लेखा नम्बर लिनुपर्ने र दफा ७८(५) ले स्थायी लेखा नम्बर नलिएको भन्दैमा करको दायित्वबाट उन्मुक्ति नमिल्ने व्यवस्था गरेको छ ।
- त्यसैले तपाईँले आ.व. २०७७/०७८ देखि नै तपाईँको कारोबारबमोजिम लाग्ने कर र ढिला शुल्क तिर्नुपर्दछ ।

**आयकरमा दर्ता**

- Business PAN: व्यवसाय गर्ने हरेक व्यक्ति, निकाय, फर्म, सहकारी, गैरसरकारी संस्था, गैरनाफामूलक सङ्घ संस्था, समिति लगायत सबैले कारोवार सुरू गर्नुभन्दा अघि दर्ता हुनु पर्ने निकायमा व्यवसाय दर्ता गरी व्यावसायिक स्थायी लेखा नम्बर लिएर मात्र व्यवसाय गर्नुपर्ने ।
- P–PAN: रोजगारीको आय भएका, घरबहाल आय भएका, डाक्टर, पाइलट, इन्जिनियर, कलाकार लगायत पेसाविद् (जसले व्यक्तिगत व्यवसाय दर्ता गरेका छैनन् अर्थात Business PAN लिएका छैनन्) ले अनिवार्य रूपमा व्यक्तिगत स्थायी लेखा नम्बर लिनुपर्ने ।
- W–PAN: अग्रिम रूपमा करकट्टी गर्ने तर व्यावसायिक स्थायी लेखा नम्बर लिनु नपर्ने प्रकृतिका निकाय (सरकारी कार्यालय, सरकारी विद्यालय आदि) ले Withholdee PAN– WPAN लिनु पर्ने ।
- नेपाल सरकारले PAN For All को नीति अङ्गीकार गरेको छ ।

**मेरो पसल छ । त्यसको स्थायी लेखा नम्बर लिइसकेको छु । म अन्तै रोजगारी पनि गर्छु । त्यसका लागि छुट्टै स्थायी लेखा नम्बर लिनुपर्छ र ?**

- एक व्यक्तिले एकभन्दा बढी स्थायी लेखा नम्बर लिनु हुँदैन वा लिन पाइँदैन ।
- तपाईँ एउटै PAN दुवैतिर प्रयोग गर्न सक्नुहुन्छ । वार्षिक रूपमा आय विवरण पेस गर्दा व्यवसायको आय र रोजगारीको आय दुवैलाई

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

समेटेर पेस गर्नुपर्छ ।

» व्यावसायिक स्थायी लेखा नम्बर लिइसकेको प्राकृतिक व्यक्तिले रोजगारी गर्दा वा व्यक्तिगत स्थायी लेखा नम्बर लिइसकेको व्यक्तिले प्रोप्राइटरसिप फर्म दर्ता गर्दा छुट्टै स्थायी लेखा नम्बर लिनु पर्दैन । अग्रिम कर कट्टीका लागि रोजगारीदातालाई Business PAN नै उपलब्ध गराउनु पर्दछ ।

» व्यवसाय गर्नका लागि PPAN लाई Business PAN मा Upgrade गर्नुपर्दछ ।

» त्यसैगरी व्यवसाय छाडेर रोजगारी गर्नका लागि सोही BPAN लाई PPAN मा Downgrade गर्नुपर्दछ ।

» एउटै प्राकृतिक व्यक्तिले एकभन्दा बढी स्थानमा वा एकभन्दा बढी प्रोप्राइटरसिप फर्म दर्ता गर्दा नयाँ स्थायी लेखा नम्बरका लागि आवेदन नदिई अतिरिक्त कारोवार थप्नका लागि निवेदन पेस गर्नुपर्दछ ।

**मेरो व्यवसाय हाल PAN मा छ । म अब VAT मा जान चाहन्छु । त्यसका लागि मैले छुट्टै PAN लिनुपर्छ र?**

» आयकरमा दर्ता भएको व्यक्ति मू.अ.कर वा अन्तःशुल्कमा दर्ता हुँदा नयाँ स्थायी लेखा नम्बर जारी हुँदैन, पहिलेकै स्थायी लेखा नम्बर Upgrade हुन्छ ।

» एक पटक स्थायी लेखा नम्बर स्थगन गरेको व्यक्तिले फेरि व्यवसाय सुरू गर्दा नयाँ स्थायी लेखा नम्बरका लागि आवेदन नदिई पहिलेकै स्थायी लेखा नम्बर Re–Registration (RR) गर्नका लागि निवेदन दिनु पर्दछ ।

» स्थायी लेखा नम्बर व्यक्तिलाई प्रदान गरिने हुँदा एउटा व्यक्तिलाई जारी गरिएको स्थायी लेखा नम्बर अर्को व्यक्तिको नाममा नामसारी हुँदैन । व्यावसायिक फर्म मात्र नामसारी गर्न मिल्छ । प्यान नामसारी गर्न मिल्दैन ।

**मैले व्यवसाय गरेबापत कर कहिले र कसरी तिर्नुपर्छ?**

**पूर्वानुमानित आय विवरण (डे०१) बुझाउने करदाताले तिर्नुपर्ने कर**

» पूर्वानुमानित कर विवरण बुझाउने करदाता (वार्षिक कारोबार रू.

३० लाखसम्म वा आय रू. ३ लाख हुने करदाता) अर्थात् डे०१ आय विवरण बुझाउने करदाताका लागि आ. व. २०७९।०८० मा निम्नबमोजिम कर लाग्दछ ।

| क्र. सं. | कुन क्षेत्रमा सञ्चालित व्यवसाय? | करको दर (रू.) |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रमा | २,५०० ।०० |
| २ | नगरपालिका क्षेत्रमा | ४,००० ।०० |
| ३ | महानगर/उपमहानगरपालिका क्षेत्रमा | ७,५०० ।०० |

आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना अर्थात् असोज मसान्तभित्र आय विवरण र सोबमोजिमको कर दाखिला गर्नुपर्दछ ।

**कारोबारका आधारमा आय विवरण (डे०२) बुझाउने करदाताले तिर्नुपर्ने कर**

» आर्थिक वर्ष २०७९/०८० को आय विवरण पेस गर्दा वार्षिक रू. ३० लाखभन्दा माथि र रू. १ करोडसम्म कारोबार गरेका अथवा वार्षिक रू. १० लाखसम्म आय भएका करदाताले डे०२ विवरण भर्न पाउने व्यवस्था छ ।

» डे०२ आय विवरण पेस गर्नेहरूका आय विवरणतर्फका विभिन्न अनुसूचीहरू भर्नुपर्ने व्यवस्था छ ।

» हाल डे०२ विवरण भर्ने करदाताहरूले अनुसूची-१० बमोजिमको दाबी रकम तिर्नुपर्ने करमा मिलान गर्न पाउने व्यवस्था गरिएको छ ।

» आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना अर्थात् असोज मसान्तभित्र आय विवरण र सोबमोजिमको कर दाखिला गर्नुपर्दछ ।

» कारोबारका आधारमा आय विवरण (डे०२) बुझाउने करदाताले तिर्नुपर्ने कर

**खण्ड-क : ३० लाख रुपियाँसम्मको कारोबारमा**

| क्र. सं. | व्यवसाय हुने क्षेत्र | करको दर (रू.) |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रमा | २,५०० ।०० |
| २ | नगरपालिका क्षेत्रमा | ४,००० ।०० |
| ३ | महानगर/उपमहानगरपालिका क्षेत्रमा | ७,५०० ।०० |

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

**खण्ड–ख : ३० लाख रुपियाँभन्दा माथि ५० लाख रुपियाँसम्मको कारोबारमा**

| क्र. सं. | व्यवसायको प्रकार | करको दर (रू.) |
|---|---|---|
| १ | ग्याँस, चुरोट आदिको कारोबार गर्ने | ०.२५% |
| २ | ग्यास, चुरोटबाहेकको कारोबार गर्ने | १% |
| ३ | सेवा व्यवसाय गर्ने | २% |

**खण्ड–ग : ५0 लाख रुपियाँभन्दा माथि १ करोड रुपियाँसम्मको कारोबारमा**

| क्र. सं. | व्यवसायको प्रकार | करको दर (रू.) |
|---|---|---|
| १ | ग्याँस, चुरोट आदिको कारोबार गर्ने | ०.३% |
| २ | ग्यास, चुरोटबाहेकको कारोबार गर्ने | ०.८% |
| ३ | सेवा व्यवसाय गर्ने | २% |

**म हार्डवेयरको व्यापार गर्दछु । मेरो पसल नगरपालिका अन्तर्गत पर्दछ । आ.व. २०७९।0८0 मा मेरो कारोबार रु. ८0 लाख भयो । अब मैले डे0२ विवरण भर्दा कति कर तिर्नुपर्दछ?**

**कर गणना**

| क्र. सं. | विवरण | करको कर | जम्मा कर रू. |
|---|---|---|---|
| १. | नगरपालिका क्षेत्रमा रू. ३० लाखसम्मको कारोबारमा लाग्ने कर | रू.४,००० ।०० | ४,००० ।०० |
| २. | रू. ३० लाखभन्दा माथि रू. ५० लाखसम्मको कारोबारमा लाग्ने कर | १% (२० लाखमा) | २०,००० ।०० |
| ३. | रू. ५० लाखभन्दा माथि रू. ८० लाखसम्मको कारोबारम लाग्ने कर | ०.८% (रू. ३० लाखमा) | २४,००० ।०० |
| ८० लाख रूपियाँको कारोबारमा लाग्ने जम्मा कर | | | ४८,००० ।०० |

* तोकिएको समयावधिभित्र विवरण र कर दाखिला नगरेमा छुट्टै जरिवाना लाग्दछ ।

## डे०३ आय विवरण बुझाउने करदाताले तिर्नुपर्ने कर

» रू. १ करोडभन्दा बढीको कारोबार गर्ने एकलौटी फर्म, निकाय, संस्था आदिले डे०३ आय विवरण पेस गर्नुपर्दछ ।

» डे०३ आय विवरण बुझाउने करदाताले कर परीक्षकबाट लेखापरीक्षण गराई सोही आधारमा कर तिर्नुपर्दछ ।

» डे०३ आय विवरण पेस गर्नेहरूका आय विवरणतर्फका विभिन्न अनुसूचीहरू भर्नुपर्ने व्यवस्था छ ।

» हाल डे०३ विवरण भर्ने करदाताहरूले अनुसूची-१० बमोजिमको दाबी रकम तिर्नुपर्ने करमा मिलान गर्न पाउने व्यवस्था गरिएको छ ।

» आर्थिक वर्ष समाप्त भएका मितिले ३ महिना अर्थात् असोज मसान्तभित्र आय विवरण र सोबमोजिमको कर दाखिला गर्नुपर्दछ । सो अवधिमा आय विवरण पेस गर्न नसक्ने भएमा असोज मसान्तभित्रै निवेदन दिई ३ महिना (पुस मसान्तसम्म)का लागि म्याद थप लिन सकिने व्यवस्था छ । म्याद थप लिएको अवधिभित्र विवरण पेस गरेमा जरिवाना लाग्दैन ।

» डे०३ आय विवरण पेस गर्ने करदाताले विभिन्न प्रकारका खर्चकट्टी गर्न पाउने व्यवस्था छ । जस्तैः खरिदको लागत खर्च, ब्याच खर्च, ह्रास कट्टी खर्च, प्रशासनिक खर्च आदि ।

» डे०३ विवरण पेस गर्ने करदाताले आफ्नो कारोबार शून्य भए तापनि कारोबार Audit गराउनुपर्दछ ।

### निकायका लागि लागु हुने करको कर (२०८०।०८१)

| क्र. सं. | व्यवसाय/निकायको विवरण/आयको अवस्था | करको दर | कैफियत |
|---|---|---|---|
| १. | सामान्य व्यवसाय गर्ने निकाय | २५% | |
| २. | बैंक/वित्तीय संस्था/मनी ट्रान्स्फर | ३०% | |
| ३. | पेट्रोलियम पदार्थ | ३०% | |
| ४. | मदिरा/बियर/खैनी/चुरोट/बिंडी/पाना मसला | ३०% | |
| ५. | पुँजी बजार व्यवसाय | ३०% | |

| | | | |
|---|---|---|---|
| ६. | धितोपत्र व्यवसाय | ३०% | |
| ७. | दूर सञ्चार वा इन्टरनेट सेवा | ३०% | |
| ८. | सार्वजनिक गुठीअन्तर्गत दर्ता भई सञ्चालित विद्यालय/महाविद्यालयको करयोग्य आयमा | २०% | |

**सहकारी संस्थाका लागि लागु हुने करको दर (२०८०।०८१)**

| क्र. सं. | सहकारी सञ्चालन हुने क्षेत्र | करको दर | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिका | नलाग्ने | सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबारबाहेकको कारोबार गरेमा लाग्ने करको दर । |
| २. | नगरपालिका | ५% | |
| ३. | उपमहानगरपालिका | ७% | |
| ४. | महानगरपालिका | १०% | |

| क्र. सं. | सहकारी सञ्चालन हुने क्षेत्र | करको दर | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिका | नलाग्ने | बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले गर्ने कारोबार (आय) मा लाग्ने करको दर । |
| २. | नगरपालिका | १०% | |
| ३. | उपमहानगरपालिका | १५% | |
| ४. | महानगरपालिका | २०% | |

**म VAT मा दर्ता छैन । मैले खातापाता राख्नुपर्छ?**

» पर्छ ।

» तपाईं VAT वा PAN जेमा दर्ता भए पनि खातापाता (खरिद खाता/बिक्री खाता) राख्नुपर्छ र सोमा आफ्नो कारोबार नियमित रूपमा अद्यावधिक गर्नुपर्छ ।

» खरिद खाता, बिक्री खाता वा मौज्दात पुस्तिका (Stock Book) स्वयम्ले प्रमाणित गरी राख्नुपर्छ । विगतमा जस्तो खाता प्रमाणित गर्न कर कार्यालय धाउनु पर्दैन ।

**VAT मा दर्ता भएकाले मात्र बिल (बीजक) काट्नुपर्छ भन्ने सुनिन्छ । के यो सत्य हो?**

» होइन ।

» तपाईं VAT वा PAN जेमा दर्ता भए तापनि बिल काट्नुपर्छ । भ्याटमा दर्ता भएकाले भ्याट बिल र प्यानमा दर्ता भएकाले प्यान बिल काट्नुपर्छ ।

**कति रुपियाँसम्मको कारोबार PAN Bill बाट गर्न पाइन्छ? यसको कुनै सीमा छ छैन?**

» PAN Bill को त्यस्तो छुट्टै सीमा छैन तर भ्याटमा दर्ता भएका करदाताले जति सुकै रूपियाँको कारोबार गरे तापनि PAN Bill काट्न पाइँदैन; VAT Bill नै काट्नुपर्छ ।

» सरकारी निकायले रू. २० हजारभन्दा बढीको खरिद गर्दा मू.अ. करमा दर्ता भएका करदाताबाट मात्र खरिद गर्नुपर्ने कानुनी व्यवस्था भएकाले PAN Bill र VAT Bill को सीमाका विषयमा द्विविधा भएको हो ।

**PAN बाट कति लाखसम्मको कारोबार गर्न पाइन्छ?**

» तपाईं मू.अ. कर लाग्ने वस्तुको कारोबार गर्नुहुन्छ र तपाईंको कारोबार रू. ५० लाखभन्दा बढी छ भने तपाईंले भ्याटकै कारोबार गर्नुपर्छ ।

» तपाईंको कारोबार रू. २० लाखभन्दा बढी छ र तपाईं सेवा व्यवसाय गर्नुहुन्छ भने तपाईंले भ्याटकै कारोबार गर्नुपर्छ ।

» तपाईंको कारोबार वस्तु र सेवा मिश्रित छ भने तपाईंले रू. २० लाखमाथि भ्याटकै कारोबार गर्नुपर्छ ।

» तपाईंको कारोबार रू. १ करोडभन्दा माथि छ तर तपाईंले मू.अ. कर छुट हुने वस्तुको कारोबार मात्र गर्नुहुन्छ भने तपाईं PAN मै कारोबार गर्न सक्नुहुन्छ । भ्याटमा दर्ता हुनु पर्दैन ।

**अहिले त रु. १ करोडसम्म PAN बाट कारोबार गर्न पाइन्छ भन्ने सुनिन्छ । यस बारेमा बुझाइदिनुहोस् न ।**

» तपाईंले सुनेको कुरो डे०१, डे०२ र डे०३ आय विवरणको पाटो हो, PAN र VAT को विषय होइन ।

» आय विवरण पेस गर्ने विषय र PAN/VAT मा दर्ता हुनुपर्ने विषय फरक फरक हुन् ।

» तपाईँले रू. ३० लाखभन्दा माथि र रू. १ करोडभन्दा तलको कारोबार गर्दा डे०२ आय विवरण पेस गर्न सक्नुहुन्छ तर तपाईँको कारोबारमा मू.अ. कर आकर्षित हुन्छ भने तपाईँ VAT मा दर्ता हुनै पर्दछ ।

» अतः रू. १ करोडभन्दा तल डे०२ भर्न पाइन्छ भन्दैमा त्यसैलाई PAN को सीमा नबुझ्नुहोला । विवरण भर्न पाइने र दर्ता हुने विषय फरक फरक हुन्छ ।

**मैले करचुक्ता लगिसको मेरो मिसम्याच कसरी पऱ्यो ?**

» करचुक्ता प्रमाणपत्र र मिसम्याच फरक फरक विषय हुन् ।

» कर चुक्ता दिंदा विशेषतः दर्ता अवधिदेखि हालसम्मको आय विवरण पेस गरे नगरेको, बक्यौता कर रहे नरहेको र Audit Report अनुसारको कर दाखिला गरे/नगरेको हेरिन्छ । करचुक्ता दिंदा मिसम्याच हेरिँदैन ।

» त्यसै गरी डे०१ र डे०२ आय विवरण पेस गर्ने करदाताले स्वयम्ले करचुक्ता प्रिन्ट गरी लिन सक्ने व्यवस्था गरिएकाले त्यसमा कार्यालयको भूमिकासमेत रहँदैन र उक्त समयमा कार्यालयले मिसम्याच हेर्ने भन्ने पनि हुँदैन ।

» मिसम्याचका लागि छुट्टै छानबिन गरिन्छ । मिसम्याच देखिएमा छुट्टै कर निर्धारण गरिन्छ ।

» आ.व. २०७७।०७८ सम्मको मिसम्याचबापतको कर आर्थिक ऐन, २०७९ मार्फत विशेष सहुलियत दिइएकाले उक्त सुविधा लिएर मिसम्याच तिर्ने करदाताहरूको छुट्टै कर निर्धारण हुँदैन ।

**मैले खरिद गरेकै थिइनँ, कसैले मेरो PAN मा राखिदियो होला र मिसम्याच परेछ । अब मैले के गर्ने होला ?**

» प्रथमतः तपाईँको कारोबारका विषयमा तपाईँ नै जानकार हुनुपर्छ ।

» तपाईँले खरिद गर्दा होस् वा बिक्री गर्दा - बीजक लिनेदिने गर्नुभयो भने तपाईँ बलियो बन्नुहुन्छ । खरिद गरेका व्यवसायीबाट Confirmation Letter लिने गर्नुहोस् । खातापाता राख्नुहोस् ।

» तपाईँको PAN मा वास्तविक कारोबार राखिदिएको हो वा भुलवश

कारोबार रिपोर्टिङ हुन गएको हो, Confirmation Letter+खरिद बीजकबाट थाहा हुन्छ ।

### अनिवार्य विद्युतीय बीजक (Computer Billing) जारी गर्नुपर्ने करदाता

- आ. व. २०७७/७८ वा २०७८/७९ मा मूल्य अभिवृद्धि कर तथा आय विवरणमध्ये कुनै एक आ.व. को कारोबार रकम रू. १० करोडभन्दा बढीको जुनसुकै वस्तु तथा सेवाको कारोबार गरेका करदाता
- तर कारोबारको प्रकृतिअनुसार उपभोक्ता/ग्राहकलाई प्रत्यक्ष रूपमा बीजक जारी नगर्ने बैङ्क/वित्तीय संस्थाजस्ता निकायको कारोबारका हकमा यो व्यवस्था लागु नहुने ।
- बक्स अफिस प्रणालीमा आबद्ध भएका सम्पूर्ण सिनेमा हलहरू (काठमाडौँ उपत्यकाबाहिरका समेत)
- २०७९ श्रावण १ देखि अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने ।

(द्रष्टव्यः कम्प्युटर प्रणालीबाट जारी गरिने बीजकलाई विद्युतीय बीजक भनिन्छ ।)

### आन्तरिक राजस्व विभागको मिति २०७५।११।२९ को सूचनामा तोकिएका देहायका करदाताहरूलाई विद्युतीय बीजक जारी गर्ने कार्यमा निरन्तरता

- वार्षिक रू. ५ करोडभन्दा बढीको होटल, रेस्टुरेन्ट तथा चमेना गृहका साथै इन्टरनेट सेवा प्रदायक (ISP) को कारोबार गरेका करदाताहरू ।
- वार्षिक रू. १० करोडभन्दा बढीको कारोबार गरेका डिपार्टमेन्टल स्टोर, मार्ट र फ्लोरिङ तथा फर्निसिङको कारोबार गरेका करदाताहरू ।
- बक्स अफिस प्रणालीमा आबद्ध काठमाडौँ उपत्यकाभित्रका सिनेमा हलहरू ।

### आन्तरिक राजस्व विभागको मिति २०७९।०८।०७ को सूचनामा तोकिएका देहायका करदाताहरूले अनिवार्य विद्युतीय बीजक जारी गर्नुपर्ने

- मदिरा, बियर, वाइन, स्प्रिट उत्पादन गर्ने सबै प्रतिष्ठानहरू,
- चुरोट उत्पादन गर्ने सबै प्रतिष्ठानहरू,
- गुट्खा उद्योगहरू,
- आ. व. २०७८।०७९ मा वार्षिक रू. ५ करोडभन्दा बढीको कारोबार गर्ने सुर्तीजन्य उद्योगहरू ।
- यो व्यवस्था मिति २०७९।१०।०१ देखि लागु गरिएको छ ।



करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

## विद्युतीय बीजकसम्बन्धी अन्य जानकारी

- जुनसुकै करदाताले अनुमति लिई स्वेच्छाले विद्युतीय बीजक जारी गर्न सक्ने ।
- विद्युतीय माध्यमबाट बीजक जारी गर्ने करदाताले विभागमा सूचीकरण गरिएका विद्युतीय उपकरण तथा सफ्ट्वेयरहरू मात्र प्रयोग गर्नुपर्ने ।
- विभागमा सूचीकरण गरिएका विद्युतीय बीजक सफ्ट्वेयरहरूको सूची विभागको वेबसाइटमा हेर्न सकिने ।
- विद्युतीय बीजकसम्बन्धी कार्यविधि, २०७४ कार्यान्वयनमा रहेको ।
- यस कार्यविधिको पालना नगरेमा रू. ५ लाख जरिवाना हुने ।

## करचुक्ता आफैँ निकाल्न मिल्छ भन्ने सुनिएको थियो । यसबारे बुझाइदिनुहोस् न ।

- तपाईँ डे०१ र डे०२ आय विवरण पेस गर्नुहुन्छ भने तपाईँ स्वयम्ले करचुक्ता निकाल्न र प्रिन्ट गर्न सक्नुहुन्छ । यस कामका लागि कार्यालय धाउनु पर्दैन ।
- डे०३ आय विवरण पेस गर्ने करदाताले चाहिँ कार्यालयबाटै करचुक्ता लिनुपर्छ ।
- डे०१ र डे०२ आय विवरणको करचुक्ता System बाट करदाता स्वयम्ले निकाल्न मिल्ने भएकाले उक्त करचुक्तामा कर अधिकृत हस्ताक्षर र कार्यालयको छाप आवश्यक पर्दैन ।
- त्यसै गरी व्यक्तिगत करचुक्ता पनि आफैँ निकाल्न मिल्दैन, कार्यालयबाटै लिनुपर्छ । व्यक्तिगत करचुक्ता लिन e–TDS समेत गरेको हुनुपर्दछ ।

## TDS/e-TDS सम्बन्धी सङ्क्षिप्त जानकारी

- भुक्तानी गर्दा गरिने कर कट्टीबापतको रकम महिना भुक्तान भएको २५ दिनभित्र बैङ्कमार्फत कर कार्यालयमा बुझाउनुपर्दछ ।
- अग्रिम कर कट्टी गर्ने निकायले TDS बापतको रकम एकमुस्ट रूपमा आफ्नै PAN मा जम्मा गर्ने र पछि e–TDS मार्फत सम्बन्धित व्यक्तिहरूको छुट्टै PAN मा राखिदिने ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

**आयकर ऐन, २०५८ मा भएका जरिवानासम्बन्धी व्यवस्था**

- आयकर ऐन, २०५८ वा वा यस ऐनअन्तर्गत बनेको नियमको कुनै व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई रू. ५ हजारदेखि रू. २५ हजारसम्म जरिवाना लाग्ने (दफा ११९क.)
- झुट्टा वा भ्रमपूर्ण विवरण पेस गरेमा (भुलवश गरेमा घटी कर रकमको ५०% र नियतवश गरेमा १००% जरिवाना शुल्क) (दफा १२०)
- मतियारलाई १००% जरिवाना शुल्क लाग्ने (दफा १२१)

**म मेरो व्यवसाय नामसारी गर्न चाहन्छु । यसका लागि के के गर्नुपर्दछ?**

- सुरू दर्ता निकायबाट नामसारीको पत्र लिएर आउने ।
- नामसारी लिएको व्यक्तिले पुनः नयाँ व्यवसाय दर्ता गर्नुपर्दछ अर्थात् उसको स्थायी लेखा नम्बर छुट्टै हुन्छ ।
- नामसारी दिएको व्यक्तिले सबै प्रक्रिया पूरा गरी आफ्नो स्थायी लेखा नम्बर स्थगनका लागि कर कार्यालयमा निवेदन दिनुपर्दछ ।
- व्यावसायिक स्थायी लेखा नम्बर स्थगन गरी व्यक्तिगत स्थायी नम्बर लिन चाहेमा छुट्टै लिनु पर्दैन ।
- उक्त B–PAN लाई निवेदकको मागबमोजिम कर कार्यालयले PAN Downgrade गरी P–PAN बनाइदिन सक्छ ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

## आयकर ऐन, २०५८ मा भएका जरिवानासम्बन्धी व्यवस्था

| ऐनको दफा | विषय | थप जानकारी | दर/कर | कैफियत |
|---|---|---|---|---|
| दफा ११७(१) | कागजात नराखेमा वा विवरण वा आय विवरण दाखिला नगरेमा शुल्क लाग्ने । | तोकिएको समयावधिमा आय विवरण पेस नगरेमा निर्धारणयोग्य आय (जम्मा कारोबार अङ्क)मा शुल्क लाग्ने । | निर्धारणयोग्य आयको ०.०१**%** वा रू. ५ हजारमध्ये जुन बढी हुन्छ सो रकम | शुल्क तथा ब्याज |
| दफा ११८ | किस्ताबन्दीमा कर दाखिला गर्नेले अनुमानित कर कम हुने गरी बुझाएमा ब्याज लाग्ने । | वार्षिक रू. ७,५०० ।०० भन्दा बढी कर दायित्व हुने करदाताले पौष, चैत्र र आषाढ मसान्तभित्र अनुमानित कर विवरण र कर दाखिला गर्नुपर्दछ । सो नगरेमा ब्याज लाग्ने । | वार्षिक १५**%** | कम्प्युटर प्रणालीबाट गणना हुने व्यवस्था । |
| दफा ११९ | कर नबुझाएमा ब्याज लाग्ने । | आय विवरणअनुसार लाग्ने कर निर्धारित समयभित्र दाखिला नगरेमा लाग्ने ब्याज । | वार्षिक १५**%** | |

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

## किस्ताबन्दीमा अनुमानित कर बुझाउनेसम्बन्धी व्यवस्था

» डे०३ आय विवरण पेस गर्ने र वार्षिक रू. ७,५०० ।०० भन्दा बढी कर दायित्व हुने करदाताले देहायबमोजिम ३ किस्तामा अनुमानित कर र विवरण बुझाउनुपर्ने व्यवस्था छ (दफा ९४) । सो नबुझाएमा वार्षिक १५% का दरले ब्याज लाग्दछ (दफा ११८) ।

| कर अवधि | बुझाउनुपर्ने कर | थप जानकारी | कैफियत |
|---|---|---|---|
| पौष समान्तभित्र | अनुमानित करको ४०% | तोकिएबमोजिम नगरेमा दफा ११८ बमोजिमको ब्याज लाग्ने । | डे०३ आय विवरण पेस गर्नेकरदाताहरूका लागि |
| चैत्र मसान्तभित्र | अनुमानित करको ७०% | | |
| आषाढ मसान्तभित्र | अनुमानित करको १००% | | |

» डे०२ आय विवरण पेस गर्ने र वार्षिक वार्षिक रू. ७,५०० ।०० भन्दा बढी कर दायित्व हुने करदाताले पौष र आषाढमा गरी दुई पटक अनुमानित कर र विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । अन्थया दफा ११८ बमोजिमको ब्याज लाग्दछ ।

» अनुमानित कर दाखिला गरेका करदाताले उक्त कर रकम वार्षिक कर दायित्वमा मिलान गर्न पाउँदछन् ।

## आ.व. २०७८।०७९ मा मेरो कारोबार रु. ५ करोडको भयो तर आय विवरण पेस गर्दा भुलवश रु. ४ करोड ५० लाख मात्र दाखिला हुन गयो । अब कारोबार संशोधन गर्न पाइन्छ वा पाइँदैन?

» तपाईँले आय विवरण पेस गर्दा भुलवश कारोबार अन्यथा हुन गएमा आफ्नो आय विवरण संशोधनका लागि कर कार्यालयमा निवेदन दिन सक्नुहुन्छ ।

» तर तपाईँले आय विवरण पेस गरेको दिनदेखि ३० दिनभित्र मात्र आफ्नो कारोबार संशोधन गर्न पाउनुहुन्छ ।

» आय विवरण पेस गरेको ३० दिन कटेपछि आय विवरण संशोधन गर्न पाइँदैन ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

» जस्तैः तपाईँले आय विवरण २०७९ ।०६ ।१५ मा पेस गर्नुभयो तर वास्तविक कारोबारमा कुनै विवरण छुट्न गएको रहेछ भने सोको प्रमाणसहित ३० दिनभित्र कार्यालयमा निवेदन पेस गर्नुपर्छ ।

» तपाईँको निवेदन र कारोबारमाथि कार्यालयले छानबिन गरी वाञ्छनीय देखेमा तपाईँको आय विवरण संशोधन हुन्छ ।

» असोज महिनाभित्र आय विवरण पेस गरेका करदाताका लागि कानुनबमोजिम संशोधन गर्न निवेदन दिन सक्छन् तर म्याद थप नलिएका करदाताले असोजपछि आय विवरण संशोधन गर्न सकिँदैन ।

**विविध कारणले म हाललाई व्यवसाय बन्द गर्दै छु । यसका लागि मैले के के गर्नुपर्छ?**

» यदि तपाईँ व्यवसाय बन्द गर्न चाहनुहुन्छ भने सबैभन्दा पहिला सुरू दर्ता निकाय (घरेलु, पालिका, कम्पनी रजिस्ट्रारको कार्यालय आदि) बाट लगत कट्टा (फर्म खारेजी) गर्नुपर्छ ।

» त्यसपछि कर कार्यालयमा आई स्थायी लेखा नम्बर स्थगनका लागि निवेदन दिनुपर्छ ।

» निवेदन दिनुपूर्व दर्ता अवधिदेखिको आय विवरण तथा चालु आर्थिक वर्षको आय विवरण र सोबमोजिमको कर दाखिला गरेको हुनुपर्छ ।

» तपाईँको निवेदन र अन्य कागजातका आधारमा कार्यालयले स्थायी लेखा नम्बर स्थगनको प्रक्रिया अगाडि बढाउँछ ।

» तपाईँको स्थायी लेखा नम्बर स्थगन भएपछि तपाईँले आय विवरण पेस गर्नु पर्दैन ।

» तपाईँको Business PAN लाई Downgrade गरेर रोजगारीको आयका लागि प्रयोग गर्न सक्नुहुन्छ ।

» भविष्यमा पुनः कारोबार सञ्चालन गर्ने भएमा पुरानै स्थायी लेखा नम्बर Re–registration गर्नुपर्छ । छुट्टै स्थायी लेखा नम्बर लिनु पर्दैन ।

**एउटा राजस्व शीर्षकमा कर दाखिला गर्नुपर्नेमा मैले भुलवश अर्कै राजस्व शीर्षकमा जम्मा गर्न पुगेछु । अब के गर्ने होला?**

» तपाईँले भुलवश अर्कै राजस्व शीर्षकमा कर जम्मा गर्नुभएको हो भने एक आर्थिक वर्षभित्र भौचर संशोधनका लागि कार्यालयमा निवेदन

दिनुपर्छ ।

» उक्त भौचर कतै प्रयोग भएको हुनु हुँदैन (Vouchers must not be used in . .) ।

» वाञ्छनीय देखेमा कार्यालयले भौचर संशोधन गरिदिन सक्छ ।

**सरकारी निकायसँग कारोबार गर्दा सरकारी कार्यालयले हामीलाई दिने भुक्तानीमा १.५% कर कट्टी गर्दछन् । त्यसै गरी सरकारी निकायले मू.अ. करतर्फ ३0% कट्टा गर्दछन् । उक्त रकम कहा् जान्छ? त्यो रकम हाम्रो PAN मा आउछ वा आउदैन?**

» तपाईँलाई दिने भुक्तानीमा सरकारी निकायले गरेको १.५% करकट्टी कार्यालयले आफ्नै PAN मा बैङ्क दाखिला गर्छ र e–TDS मार्फत तपाईँको PAN मा राखिदिन्छ । उक्त रकम तपाईँले अनुसूची १० मा दाबी गर्न पाउनुहुन्छ अर्थात् वार्षिक रूपमा आय विवरण पेस गर्दा उक्त रकम तिर्नुपर्ने करमा मिलान गर्न पाउनुहुन्छ ।

» मू.अ. करतर्फ कट्टी गरेको ३०% रकम तपाईँकै PAN मा कार्यालयले सिधै जम्मा गरिदिन्छ र उक्त रकम तपाईँको मू.अ. करतर्फ ATR मा स्वचालित (Automatic) रूपमा आइहाल्छ ।

» कार्यालयले कट्टी गरेको १.५% रकम e–TDS गरे नगरेको र मू.अ. करतर्फको ३०% रकम आफ्नो PAN मा जम्मा गरिदिए नदिएका सम्बन्धमा करदाता स्वयम् सचेत हुनुपर्दछ । सो कार्य नगरेको भए सम्बन्धित कार्यालयलाई गर्न लगाउनुहोला ।

**कर कार्यालयमा कुन कुन सेवा लिएबापत कति कति शुल्क लाग्छ?**

» आय विवरणअनुसार लाग्ने कर तिर्नुपर्छ ।

» करचुक्ता जारी गर्दा वित्तीय विवरण (Audit Report) का आधारमा TDS लाग्ने कारोबार गरेको भएमा सो दाखिला गर्नुपर्छ ।

» करचुक्ता जारी गर्दा बक्यौता भएमा सो तिर्नुपर्छ ।

» व्यावसायिक प्रमाणपत्र (Business PAN Card) हराएमा पुनः लिँदा रू. १०० तिर्नुपर्छ ।

» अन्त:शुल्क इजाजतपत्र नवीकरण गर्दा शुल्क तिर्नुपर्छ ।

» मिसम्याच आदिबापतको रकम तिर्नुपर्छ ।

» मू.अ. कर समायोजन जारी गर्दा तिर्न बाँकी रहेछ भने उक्त कर तिर्नुपर्छ ।



करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

» कानुनले तोकेका भन्दा बाहेक अन्य कुनै पनि सेवा लिएबापत शुल्क वा दस्तुर तिर्नु पर्दैन ।

» स्थायी लेखा नम्बर लिँदा, करचुक्ता लिँदा, कार्यालयमा निवेदन पेस गर्दा वा स्थायी लेखा नम्बर स्थगन गर्दा छुट्टै कुनै कर, शुल्क तथा थप दस्तुर लाग्दैन ।

## आर्थिक वर्ष २०८०।०८१ मा प्राकृतिक व्यक्तिको आयमा लाग्ने करको नयाँ दर/Slab

| एकल व्यक्तिका लागि | दम्पतीका लागि |
| --- | --- |
| सुरूको ५ लाखसम्म - १% | सुरूको ६ लाखसम्म - १% |
| ५ लाखभन्दा माथि ७ लाखसम्म - १०% | ६ लाखभन्दा माथि ८ लाखसम्म - १०% |
| ७ लाखभन्दा माथि १० लाखसम्म - २०% | ८ लाखभन्दा माथि ११ लाखसम्म - २०% |
| १० लाखभन्दा माथि २० लाखसम्म - ३०% | ११ लाखभन्दा माथि २० लाखसम्म - ३०% |
| २० लाखभन्दा माथि ५० लाखसम्म - ३६% | २० लाखभन्दा माथि ५० लाखसम्म - ३६% |
| ५० लाखभन्दा माथि जतिसुकै करयोग्य आय - ३९% | ५० लाखभन्दा माथि जतिसुकै करयोग्य आय - ३९% |

द्रष्टव्य : एकलौटी (व्यक्तिगत) फर्मको आय, पेन्सन आय, निवृत्तभरणकोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा सुरूको १**%** कर लाग्दैन ।

**बजार अनुगमन तथा निरीक्षण गर्दा देहायको अवस्था पाइएमा कारबाही हुन्छः**

» स्थायी लेखा नम्बर नलिईकन कारोबार गरेको पाइएमा,

» स्थायी लेखा नम्बरसहितको दर्ता प्रमाण पत्र कारोबारस्थलमा सबैले देख्ने ठाउँमा राखेको नपाइएमा,

» करपाटी राखेको नपाइएमा,

» मदिरा, चुरोट, सुर्ती, गुट्खा आदिको अनुमतिपत्र नलिई कारोबार गरेको

करदाता सेवा कार्यालय श्रीगार सल्यान

पाइएमा,

» खरिद खाता, बिक्री खाता तथा मौज्दात पुस्तिका नराखेमा वा अद्यावधिक गरेको नपाइएमा,

» बीजक (Bills) जारी गरेको नपाइएमा,

» मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले PAN Bill/Estimate Bill/Loose Bill जारी गरेको पाइएमा,

» अनुगमन तथा निरीक्षण टोलीलाई कारोबारस्थलमा निरीक्षण गर्न नदिएमा वा निरीक्षण गर्दा अवरोध गरेमा ।

## कर तिर्दा ध्यान दिनुपर्ने कुरा

» कर तिर्नुपर्ने कार्यालयः करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

» कार्यालय कोडः ३०५०४६००१

» जुन शीर्षकमा तिर्नुपर्ने हो, सोही शीर्षकमा मात्र तिर्ने ।

» जुन आर्थिक वर्षको कर तिर्नुपर्ने हो, सोही आर्थिक वर्ष उल्लेख गर्ने ।

» स्थायी लेखा नम्बर उल्लेख गर्दा विशेष ध्यान दिने ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

# मूल्य अभिवृद्धि कर

**मूल्य अभिवृद्धि कर (VAT-Value Added Tax) भनेको के हो?**

» वस्तु वा सेवाको उत्पादन, पैठारी तथा बिक्री/वितरण प्रक्रिया अन्तर्गत विभिन्न तहमा हुने मूल्य अभिवृद्धिमा लगाइने कर मूल्य अभिवृद्धि कर हो ।

» कुनै पनि वस्तु वा सेवाको खरिद मूल्य र बिक्री मूल्यबीचको भिन्नतामा मू.अ. कर लाग्दछ ।

» वस्तु वा सेवाको खरिदमा तिरेको मू.अ. करलाई वस्तु वा सेवाको बिक्रीमा सङ्कलन गरेको मू.अ.कर बाट घटाउन पाइन्छ ।

» मू.अ. कर ऐन, २०५२ को अनुसूची १ मा उल्लिखित वस्तु वा सेवाहरू (करछुट वस्तु/सेवा) बाहेक अन्य वस्तु वा सेवाको कारोबारमा मू.अ. कर आकर्षित हुन्छ ।

**के व्यावसायिक कारोबार गर्ने सबैले मू.अ.कर मा दर्ता गर्नुपर्दछ?**

पर्दैन तर देहायका अवस्थामा अनिवार्य दर्ता गर्नुपर्दछः

» वस्तुको कारोबार वार्षिक रू. ५० लाख नाघेमा (जस्तैः मोबाइल पसल)

» सेवाको कारोबार वार्षिक रू. २० लाख नाघेमा (जस्तैः इन्टरनेट सेवा प्रदायक)

» वस्तु तथा सेवाको मिश्रित कारोबार वार्षिक रू. २० लाख नाघेमा (जस्तैः मोबाइल बिक्री तथा मर्मत पसल)

» एक पटकमा रू. १० हजारभन्दा बढीको करयोग्य वस्तु पैठारी (आयात) गरेमा

» वार्षिक रू. १० लाखभन्दा बढी रकम व्यावसायिक प्रयोजनका लागि बैङ्कबाट ऋण लिएमा ।

करदाता सेवा कार्यालय, श्रीनगर,

**स्वेच्छाले मू.अ.कर दर्ता हुन पाइन्छ/पाइँदैन?**

आयकर ऐन, २०५८ को दफा ४(४) बमोजिमको पूर्वानुमानित आय विवरण (डे०१) बुझाउने करदाताबाहेक अन्य करदाताले स्वेच्छाले मू.अ.क मा दर्ता हुन सक्दछन् ।

**म ७ दिनका लागि मेला आयोजना गर्न चाहन्छु । के म मू.अ.कर मा दर्ता हुनुपर्छ? (अस्थायी दर्ता भनेको के हो? यो अनिवार्य हो होइन?)**

» अस्थायी रूपमा आयोजना गरिने मेला, प्रदर्शनी वा यस्तै प्रकृतिका कार्यक्रममा करयोग्य वस्तु तथा सेवाको कारोबार हुने भएमा अल्पकालीन अवधिका लागि मू.अ.कर मा दर्ता गर्नुपर्दछ । यसैलाई अस्थायी दर्ता भनिन्छ ।

» कार्यक्रम समाप्त भएको ७ दिनभित्र आय विवरण/कर दाखिला गरी अस्थायी दर्ता खारेज गर्नुपर्ने ।

» उक्त कार्यक्रममा राखेको वस्तु व्यवसायीले स्टक ट्रान्सफर गरी लैजान सक्ने ।

» आयको पूर्वानुमान गरी २% धरौटी राख्नुपर्ने ।

» उक्त धरौटी मू.अ.कर मा मिलान गर्न पाइने ।

**संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) मू.अ.कर मा दर्ता हुनुपर्छ?**

» निश्चित कार्य गर्ने उद्देश्यले दुई वा सोभन्दा बढी व्यक्तिहरू सम्मिलित भई खडा गरिएको निकायलाई संयुक्त उपक्रम (JV) भनिन्छ ।

» मू.अ.कर लाग्ने कारोबार गर्ने गरी मू.अ.कर मा दर्ता भएका व्यक्तिहरू मिली जे.भी. दर्ता गर्दछन् ।

» तोकिएको कार्य समाप्त भएपछि उक्त उपक्रमको मू.अ.कर दर्ता खारेज गर्नुपर्दछ ।

» व्यक्तिगत वा सामूहिक रूपमा कर दायित्व वहन गर्नुपर्ने ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

**निर्देशनात्मक दर्ता (Forced Registration) भनेको के हो?**

- » मू.अ.कर मा दर्ता हुनुपर्ने कर्तव्य भएका व्यक्ति दर्ता नभएमा कर प्रशासनले दर्ता गर्न आदेश दिन सक्दछ । यस किसिमको दर्तालाई निर्देशनात्मक दर्ता भनिन्छ ।
- » यस्तो आदेश करदाताका लागि बाध्यकारी हुन्छ ।

**म प्यानमा दर्ता छु । आ. व. २०७८।७९ मा मेरो कारोबार रु. ५0 लाखभन्दा बढी भयो । अब के गर्ने?**

- » विगत १२ महिनामा तपाईँको कारोबार रू. ५० लाख कटेमा तपाईँ भ्याटमा दर्ता हुनुपर्दछ ।
- » रू. ५० लाख कटेको जानकारी भएमा तपाईँसँग ३० दिनको समय हुन्छ । उक्त अवधिभित्र भ्याटमा दर्ता गरी भ्याट बिल काट्नुपर्छ ।
- » भ्याटमा दर्ता भएको १५ दिनभित्र अनुसूची १६ भर्नुहोला (भ्याट दाबी पाइने छ) ।
- » उक्त ३० दिनको अवधिमा बिल नकाटी सिधै भ्याटमा दर्ता भएपछि मात्र बिल जारी गर्नुहोला ।

**भ्याटमा दर्ता भएपछि भ्याट बिल नै काट्नुपर्छ कि प्यान बिल पनि काट्न पाइन्छ?**

- » भ्याटमा दर्ता भएपछि भ्याट बिल नै काट्नुपर्दछ । प्यान बिल काट्न पाइँदैन ।
- » भ्याटमा दर्ता भएका तर सानो राशिको वा खुद्रा सामान बेच्ने कर दाताहरूले रू. १० हजार वा सोभन्दा कमको सामान बिक्री गर्दा सङ्क्षिप्त कर बीजक जारी गर्न पाउँदछन् ।
- » कर कार्यालयबाट अनुमति लिई निश्चित सर्तका अधीनमा रही उक्त बीजक जारी गर्न पाइन्छ ।
- » सङ्क्षिप्त कर बीजक जारी गर्ने करदाताले हिसाब मिलान गर्दा मू.अ.कर रकम छुट्याएर खातामा चढाउनुपर्दछ ।

**भ्याट विवरण कहिले बुझाउनुपर्छ?**

- » महिना भुक्तान भएको २५ दिनभित्र मू.अ.कर विवरण र सोबमोजिमको मू.अ.कर रकम बुझाउनुपर्छ ।
- » जस्तैः साउनभरि भएको कारोबारको विवरण भदौ २५ भित्र बुझाइसक्नुपर्छ । अन्यथा जरिवाना लाग्दछ ।

**सङ्क्षिप्त कर बीजक कसले जारी गर्न पाउँछ?**

- » मू.अ.कर मा दर्ता भएको व्यक्तिले मात्र जारी गर्न पाउँछ ।
- » रू. १० हजारसम्मको सामान बेच्दा उक्त बीजक जारी गर्न पाइन्छ ।
- » मूलतः खुद्रा व्यापारीले यसको प्रयोग गर्दछन् ।
- » कर कार्यालयबाट अनुमति लिएर मात्र यस्तो बीजक जारी गर्न पाइन्छ ।
- » यस बीजकमा मू.अ.कर रकम देखाइँदैन तर मू.अ.कर सहितको मूल्य लेखिन्छ ।
- » खरिदकर्ताले यस्ता बीजकका माध्यमबाट मू.अ.कर (VAT Credit) दाबी गर्न पाउँदैन ।
- » खरिदकर्ताले कर बीजक (VAT Bill) नै माग गरेमा विक्रेताले अनिवार्य भ्याट बिल दिनुपर्दछ ।

**डेबिट नोट/क्रेडिट नोट भनेको के हो?**

- » आपूर्ति गरेको वस्तु वा सेवाको परिमाण/मूल्यमा परिवर्तन भएमा/गर्नुपरेमा जारी गर्नुपर्ने नोटलाई डेबिट/क्रेडिट नोट भनिन्छ ।
- » उदाहरणका लागि विक्रेताले क्रेडिट नोट जारी गरेमा क्रेताले डेबिट नोट जारी गर्दछ ।
- » क्रेताले लगेको सामान फिर्ता गरेमा क्रेडिट/डेबिट नोटमा जनाउने र उक्त क्रेताले अर्को सामान लिन चाहेमा छुट्टै कर बीजक जारी गर्नुपर्दछ ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

## मू.अ.कर ऐनमा दण्ड/सजायसम्बन्धी केकस्ता व्यवस्था छन्?

| कसुरको विवरण | जरिवाना/सजाय |
|---|---|
| दर्ता नभई कारोबार गरेमा वा दर्ता हुन कर अधिकृतले दिएको आदेश पालना नगरेमा | प्रत्येक पटक रू. २० हजार |
| करपाटी नराखेमा | रू. २ हजार |
| बीजक जारी नगरेमा | रू. १० हजार |
| बीजक नलिएमा | रू. १ हजार |
| दर्ता नभएको व्यक्तिले कर उठाएमा | १००% |
| कारोबारको लेखा नराखेमा | रू. १० हजार |
| कारोबार निरीक्षण गर्दा अवरोध गरेमा | रू. २० हजार |
| विद्युतीय बीजक (इ-बिलिङ) सम्बन्धमा विभागले जारी गरेको कार्यविधि पालना नगरेमा | रू. ५ लाख |
| कर विवरण पेस नगरेमा (महिना समाप्त भएको २५ गतेभित्र पेस गरिसक्नुपर्ने) | रू. १ हजार वा लाग्ने करको प्रतिदिन ०.०५% |
| झुट्टा लेखा राखेमा/फर्जी बीजक जारी गरेमा/अन्य झुट्टा काजगात तयार पारेमा | कर बिगोको १००% जरिवाना वा ६ महिना कैद वा दुवै सजाय |

**(क) तोकिएको समयावधिमा मू.अ.कर विवरण/कर दाखिला नगरेमा के हुन्छ?**

तोकिएको म्यादभित्रमा विवरण पेस/कर दाखिला नगरेमा देहायबमोजिम जरिवाना, थप दस्तुर र ब्याज लाग्दछ ।

**जरिवानाः** लाग्ने करको प्रतिदिन ०.०५% वा प्रति कर विवरण रू. १ हजार मध्ये जुन बढी हुन्छ, सो रकम जरिवाना लाग्दछ ।

**थप दस्तुरः** बुझाउनुपर्ने कर नबुझाएमा वा कम बुझाएमा बाँकी कर र

कमको वार्षिक १०% का दरले दैनिक गणना हुने ।

**ब्याजः** बुझाउन बाँकी कर रकमको वार्षिक १५% का दरले मासिक गणना हुने ।

**(ख) तोकिएको समयावधिमा मू.अ.कर विवरण/कर दाखिला नगरेमा के हुन्छ?**

उदाहरणका लागिः-

नेपाल सप्लायर्स नामक फर्म मू.अ.कर मा दर्ता छ । उक्त फर्मले २०७९ असार महिनाको मू.अ.कर रकम १००००० (एक लाख) दाखिला गर्नुपर्ने अवधि २०७९ साउन २५ रहेकामा निजले भदौ १० मा मात्र दाखिला गरेछ । यसो हुँदा कर विवरण पेस गर्नुपर्ने समयमा १५ दिन ढिला भयो । निजको प्रतिदिन १,००,०००*०.०५%*१५ ले दैनिक रू. ७५० वा रू. १००० मध्ये जुन बढी हुन्छ, सोही जरिवानास्वरूप तिर्नुपर्नेमा निजले रू. १००० जरिवाना तिर्नुपर्ने हुन्छ ।

थप दस्तुर र ब्याज पनि यसरी नै गणना गरिन्छ ।

**के सबै वस्तु तथा सेवामा मू.अ.कर आकर्षित हुन्छ?**

उत्तरः हुँदैन । ऐनको अनुसूची-१ मा कर-छुटसम्बन्धी वस्तु तथा सेवाका बारेमा उल्लेख गरिएको छ । तत् तत् वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लाग्दैन ।

मू.अ.कर छुट हुने वस्तु तथा सेवाहरू (अनुसूची-१)

समूह १ : आधारभूत कृषि उत्पादनहरू (जस्तैः चामल)

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरू (नुन, धारा वा ट्याङ्करबाट आपूर्ति हुने खाने पानी आदि)

समूह ३ : जीवजन्तु र सोको उपज (जीवित चौपाया)

समूह ४ : कृषि सामग्रीहरू (विभिन्न मलखादहरू, हाते कृषि औजारहरू, कीटनाशक औषधिहरू)

समूह ५ : औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू

समूह ६ : शिक्षा (विद्यालय तथा विश्वविद्यालयहरूले प्रदान गर्ने शिक्षण सेवा)



करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

समूह ७ : किताब अखबार तथा मुद्रित सामग्रीहरू

समूह ८ : कलात्मक तथा कालगढी सेवा (चित्रकला/मूर्तिकला/वास्तुकला, पुस्तकालय/सङ्ग्रहालय/चिडियाघर प्रवेश शुल्क)

समूह ९ : यात्रुवाहक यातायात (सार्वजनिक यात्रुवाहक यातायात "केबुलकार बाहेक")

समूह १० : व्यावसायिक र पेसागत सेवा (कलाकार, खेलाडी, लेखक, अनुवादक आदि)

समूह ११ : अन्य वस्तु तथा सेवा

समूह १२ : भवन र जग्गा (घर/जग्गा खरिद-बिक्री तथा बहाल)

समूह १३ : बाजी, क्यासिनो र चिट्ठा ।

**कस्तो कारोबार गर्नेले कस्तो करपाटी राख्नुपर्छ? करपाटी नराखे के हुन्छ?**

करदाताको कारोबारको प्रकृतिका सम्बन्धमा जानकारी गराउने तथा कर दाताको पहिचान गराउने १० से.मि. चौडाइ र ३० से.मि. लम्बाइ भएको प्लेट करपाटी हो । सामान्यतया करपाटी ३ प्रकारका हुन्छन् । ती हुन् :

| विवरण | करपाटीको प्रकार | कैफियत |
|---|---|---|
| मू.अ.कर मा दर्ता भएका करदाताले | हरियो पृष्ठभूमिमा सेता अक्षर | लम्बाइ/चौडाइ : ३०८१० सेमि |
| मू.अ.कर लाग्ने वस्तुको कारोबार गर्ने तर मू.अ.कर थ्रेसहोल्डभन्दा तलको कारोबार गर्ने करदाताले | पहेँलो पृष्ठभूमिमा काला अक्षर | लम्बाइ/चौडाइ : ३०८१० सेमि |
| मू.अ.कर नलाग्ने वस्तु (करछुट) को मात्र कारोबार गर्ने करदाताले | सेतो पृष्ठभूमिमा राता अक्षर | लम्बाइ/चौडाइ : ३०८१० सेमि |

जरिवाना: करपाटी नराखेमा पटकैपिच्छे रू. २ हजार जरिवाना लाग्ने ।

**नमुना करपाटी–१**

मू.अ. करमा दर्ता भएको करदाताले हरियो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको करपाटी राख्नुपर्दछ ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

| शारदा हार्डवेयर एन्ड सप्लायर्स, शा.न.पा. |
|---|
| स्थायी लेखा नम्बरः २०१३०७९६४ |

जरिवानाः करपाटी नराखेमा पटकैपिच्छे रू. २ हजार जरिवाना लाग्ने ।

**नमुना करपाटी–२**

मू.अ.कर लाग्ने वस्तुको कारोबार गर्ने तर तोकिएको थ्रेसहोल्डभन्दा कम कारोबार भई मू.अ. करमा दर्ता गर्नु नपर्ने करदाताले पहेँलो पृष्ठभूमिमा कालो अक्षरले लेखिएको करपाटी प्रयोग गर्नुपर्दछ ।

| शारदा किराना पसल, शा.न.पा. |
|---|
| स्थायी लेखा नम्बरः २०१३०७९६४ |

जरिवानाः करपाटी नराखेमा पटकैपिच्छे रू. २ हजार जरिवाना लाग्ने ।

**नमुना करपाटी–३**

करछुट वस्तुको मात्र कारोबार गर्ने करदाताले सेतो पृष्ठभूमिमा रातो अक्षरले लेखिएको करपाटी प्रयोग गर्नुपर्दछ ।

| शारदा तरकारी पसल, शा.न.पा. |
|---|
| स्थायी लेखा नम्बरः २०१३०७९६४ |

जरिवानाः करपाटी नराखेमा पटकैपिच्छे रू. २ हजार जरिवाना लाग्ने ।

**विगत ३ वर्षदेखि मेरो कारोबार शून्य छ । मैले विवरण पेस गर्नुपर्दछ/कर तिर्नुपर्दछ?**

- » मू.अ.कर मा दर्ता भएको व्यक्तिले कारोबार शून्य भए तापनि मासिक विवरण नियमित रूपमा पेस गर्नुपर्दछ ।
- » कारोबार भएको छैन भन्दैमा विवरणसमेत पेस नगरेमा जरिवाना लाग्दछ ।
- » विगत ३ वर्षदेखि कारोबार भएको छैन र भविष्यमा पनि हुने सम्भावना छैन भने दर्ता खारेजी गर्नु उचित हुन्छ ।

- » विगत १२ महिनामा शून्य विवरण पेस गर्ने करदाताको कर अधिकृतले दर्ता खारेज गरिदिन सक्दछ ।
- » दर्ता खारेजी गर्दा सम्पूर्ण कर चुक्ता गर्ने, ननफाइलर हुन नहुने, कर बक्यौता शून्य बनाउनेजस्ता कार्य गर्नुपर्दछ ।

**२०७९ भदौ महिनाको मू.अ. कर विवरण पेस गर्दा मेरो रु. ३ लाख बराबर को बिक्री र रु. २ लाखबराबरको खरिद छुट्न गएछ । उक्त छुटेको खरिद र बिक्रीलाई मैले कसरी समावेश गर्न सक्छु?**

- » मूल्य अभिवृद्धि कर विवरण पेस गर्दा खरिद तथा बिक्री छुट्न गएमा अर्को कुनै महिनामा समावेश गर्न सकिन्छ ।
- » खरिद छुट्न गएमा छुटेको खरिदको मू.अ. कर Credit Adjust गर्नुपर्दछ ।
- » बिक्री छुट्न गएमा छुटेको बिक्रीको मू.अ. कर Debit Adjust गर्नुपर्दछ ।
- » तर खरिद छुट हुन गएमा त्यसरी छुट्न गएको महिनाले एक वर्षभित्र Credit Adjust गरिसक्नुपर्दछ । अन्यथा Credit Adjust गर्न पाइँदैन ।
- » Debit Adjust जहिले पनि गर्न पाइन्छ तर बिक्री छुटेको महिनादेखि विवरण प्रविष्टि गर्दासम्मको ढिला महिना गणना गरी सोबराबरले हुने जरिवाना तिर्नुपर्दछ । (सो कर अवधिमा करदाता Credit मा भएमा जरिवाना लाग्दैन ।)

**लामो समयसम्म कर नतिर्दा कस्तो सजाय हुन्छ?**

- » कर रकमको मात्रा हेरी सोही आधारमा कारबाही अगाडि बढाइन्छ ।
- » प्रथमतः कर तिर्न फोन, एसएमएस, पत्राचार वा सङ्कलन (प्रत्यक्ष) भ्रमणका माध्यमबाट कर असुल गर्ने प्रयास गरिन्छ ।
- » कर कार्यालयले बारम्बार प्रयास गर्दा पनि करदाताले कर नतिरेमा देहामबमोजिमको कारबाही गर्दछः
- » बयानका लागि झिकाउने,
- » सम्पत्ति रोक्का गर्ने,

- » बैङ्क खाता रोक्का गर्ने,
- » राहदानी रोक्का गर्ने आदि ।

**मू.अ. करमा दर्ता भएपछि धेरै कर तिर्नुपर्छ भन्ने सुनिन्छ । के यो सत्य हो?**

- » त्यसो होइन । तपाईँले तिर्ने मू.अ. कर तपाईँको कारोबारमा भर पर्दछ ।
- » तपाईँ कारोबार धेरै गर्नुहुन्छ, नाफा उच्च राख्नुहुन्छ र बिक्रीसमेत धेरै गर्नुहुन्छ भने सोहीअनुसार मू.अ. कर तिर्नुपर्ने हुन्छ ।
- » तर तपाईँले तिर्ने मू.अ. कर तपाईँले वस्तु तथा सेवा बेच्दा सङ्कलन गरेको मू.अ. करबाट तपाईँले खरिदमा तिरेको मू.अ. कर घटाएर बाँकी रहेको मू.अ. कर मात्र सरकारलाई बुझाउनुपर्छ ।

**मू.अ. करमा दर्ता भएपछि**

- » खरिदमा तिरेको मू.अ. कर कट्टा गर्न पाइन्छ ।
- » सरकारी निकायसँगको कारोबारमा बढोत्तरी हुन्छ ।
- » खरिदमा तिरेको मू.अ. कर बिक्रीमा सङ्कलन गरेको मू.अ. करभन्दा बढी भएमा मू.अ. कर तिर्नु पर्दैन । त्यसलाई तिर्नुपर्नेमा मिलान गर्न पाइन्छ ।

**मू.अ. करमा दर्ता भएपछि दोहोरो कर तिर्नुपर्ने हुन्छ अरे । यसले गर्दा व्यवसायीलाई मार पर्दैन?**

- » त्यसो होइन । आयकर र मू.अ. कर फरक फरक कर हुन् ।
- » तपाईँले व्यवसाय गरेर आर्जन गरेको आम्दानीमा सबै खर्च घटाएपछि बचेको नाफामा मात्र आयकर लाग्दछ ।
- » मू.अ. कर चाहिँ तपाईँले वस्तु तथा सेवा बिक्री गरेपछि लाग्ने हो । खरिदमा तिरेको मू.अ. करभन्दा बिक्रीमा सङ्कलन गरेको मू.अ. कर बढी भएमा खरिदमा तिरेको मू.अ. करलाई बिक्रीमा सङ्कलन गरेको मू.अ. करबाट घटाउँदा बाँकी रहेको कर मात्र राज्यलाई तिर्ने हो । बिक्रीमा सङ्कलन गरेको मू.अ. करभन्दा खरिदमा तिरेको मू.अ. कर

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

बढी भएमा मू.अ. कर तिर्नु पर्दैन ।

» त्यसै गरी तपाईँले सामान बेच्दा जति धेरै मूल्य बढाएर बेच्नुहुन्छ, सोही अनुपातमा मू.अ. कर बढ्दै जान्छ ।

**मू.अ. करमा दर्ता भएका करदाताले कस्ता कस्ता कागजात राख्नुपर्छ?**

» खरिद खाता, बिक्री खाता तथा मौज्दात पुस्तिका ।

» व्यापार, लेखा, नगद प्राप्ति र भुक्तानीसम्बन्धी अभिलेख ।

» आफूले जारी गरेका कर बीजक तथा सङ्क्षिप्त कर बीजकहरू ।

» आफुले प्राप्त गरेका कर बीजक तथा सङ्क्षिप्त कर बीजकहरू ।

» आफूले गरेको आयात र निर्यातसँग सम्बन्धित कागजातहरू ।

» डेबिट नोट तथा क्रेडिट नोटसम्बन्धी विवरणहरू ।

» स्वीकृति लिई कम्प्युटर प्रणालीबाट समेत अभिलेख राख्न सक्ने

» कारोबारलाई प्रमाणित गर्ने कागजात ६ वर्ष सम्म सुरक्षित राख्नुपर्ने ।

» यस सम्बन्धमा ऐनको दफा १६ र नियमावलीको नियम २३ मा उल्लेख गरिएको छ ।

**म एउटा रेस्टुरेन्टमा म:म: खान गएँ । उक्त रेस्टुरेन्टको मूल्यपुस्तिका (मेन्यु) मा म:म: को मूल्य प्रति पिलेट रु. १०० लेखिएको थियो तर साहुले मबाट ११३ रुपियाँ लिए । यस्तो गर्न पाइन्छ र?**

» यस्तो गर्न पाइँदैन ।

» वस्तु तथा सेवाको मूल्य लेख्दा गर्दा मू.अ. करसहितको मूल्य उल्लेख गर्नुपर्छ । अङ्कित मूल्यमा पुनः मू.अ. कर वा अन्य सेवाशुल्क जोड्न पाइँदैन ।

» तपाईँलाई उक्त रेस्टुरेन्टले रू. १०० मा पुनः १३ प्रतिशत मू.अ. कर जोडेर ११३ रूपियाँ लिएको देखियो । यस्तो गर्नु कानुनविपरीतको काम हो । म:म: को मूल्य रू. ११३ नै रहेछ भने रेस्टुरेन्टले मेन्युमै रू. ११३ लेख्नुपर्थ्यो ।

» प्रथमतः उपभोक्ताको अधिकार र कर्तव्यका दृष्टिले तपाईँ स्वयम् सचेत हुनुपर्छ। यस्तो गरेको पाउनुभएमा सम्बन्धित कर कार्यालयमा सम्पर्क गर्नुहोला।

## कर तिर्दा ध्यान दिनुपर्ने कुरा

» कर तिर्नुपर्ने कार्यालयः करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

» कार्यालय कोडः ३०५०४६००१

» जुन शीर्षकमा तिर्नुपर्ने हो, सोही शीर्षकमा मात्र तिर्ने।

» जुन आर्थिक वर्षको कर तिर्नुपर्ने हो, सोही आर्थिक वर्ष उल्लेख गर्ने।

» स्थायी लेखा नम्बर उल्लेख गर्दा विशेष ध्यान दिने।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

# अन्त:शुल्क

**म होटल चलाइरहेको छु । स्थायी लेखा नम्बर छ । अब होटलमा मदिरा पनि बेच्ने सोच छ । मैले छुट्टै इजाजत लिनुपर्छ कि पर्दैन?**

- » अन्त:शुल्कजन्य वस्तु तथा सेवाको कारोबार गर्नुपूर्व कर कार्यालयबाट इजाजत लिनुपर्दछ ।
- » तपाईँले मदिराको कारोबार गर्न लाग्नुभएकाले अनिवार्य रूपमा इजाजत लिएर मात्र मदिरा बेच्न पाउनुहुन्छ ।

**मेरो किराना पसल छ । म मदिरा बेच्न चाहन्छु । म मदिरा बेच्न पाउँछु कि पाउँदिनँ?**

- » तपाईँ किराना पसलमा मदिरा बेच्न पाउनुहुन्छ तर मदिरा बिक्री कक्ष भने छुट्टै राख्नुपर्छ ।
- » सर्वप्रथम कर कार्यालयबाट इजाजत लिनुपर्छ ।

**सुर्तीजन्य पदार्थको बिक्री-विवरण गर्न इजाजत लिनुपर्छ कि पर्दैन?**

- » लिनुपर्छ । इजाजत नलिई कारोबार गरेको पाइएमा कानुनबमोजिम जरिवाना लाग्दछ ।

**मैले आयकर तिरिरहेको छु । मदिरा र सुर्ती बेचेबापत छुट्टै कर तिर्नुपर्छ र?**

- » मदिरा र सुर्तीजन्य पदार्थको कारोबार गर्नेले इजाजतबापत र नवीकरणबापत निश्चित शुल्क तिर्नुपर्दछ ।
- » प्रत्येक वर्ष साउनभित्र इजाजतपत्र नवीकरण गराउनुपर्दछ । अन्यथा जरिवाना लाग्दछ ।

**मदिरा बिक्री/विवरणका लागि लिइने इजाजत दस्तुर/नवीकरण शुल्क कति हो?**

- » मदिराको कारोबारको प्रकृतिका आधारमा इजाजत शुल्क/नवीकरण

कल्याण सञ्चार कार्यालय श्रीनगर, सल्यान

शुल्क तय हुन्छ ।

» क्षेत्रगत रूपमा गाउँपालिका, नगरपालिका, महा/उपमहानगरपालिका, त्यसै गरी होटल, किराना पसल, वितरक, थोक विक्रेता आदि सबैका लागि पृथक् पृथक् दर कायम गरिएको छ ।

**मदिरा इजाजत दस्तुर/नवीकरण शुल्क (२०८०।०८१ देखि)**

(क) स्वदेशी तथा विदेशी मदिरा बिर्को खोली बिक्री गर्ने पर्यटकस्तर को रेस्टुरेन्ट/रिसोर्ट/पार्टी प्यालेस = रू. ११,०००/-

(ख) स्वदेशी मदिरा बिर्को खोली बिक्री गर्ने सामान्य स्तरको रेस्टुरेन्ट/होटल/लज/बार रू = रू. ६,०००/-

(ग) मदिरा वितरक =रू. ४५,०००/-

(ग) मदिरा वितरक =रू. ४५,०००/-

(घ) मदिरा थोक विक्रेता = रू. ३०,०००/-

(ङ) स्वदेशी तथा विदेशी मदिरा बिक्री गर्ने खुद्रा विक्रेता = रू. १५,०००/-

(च) स्वदेशी मदिरा पसल (खुद्रा विक्रेता)

» महा/उपमहानगरपालिका/नगरपालिकमा स्वदेशी मदिरा मात्र बिक्री गर्ने खुद्रा विक्रेता = रू. ११,०००/-

» गाउँपालिकामा स्वदेशी मदिरा मात्र बिक्री गर्ने खुद्रा विक्रेता = रू. ६,०००/-

(च) मदिरा बिक्री गर्ने डिपार्टमेन्टल स्टोर = रू. ३०,०००/-

(छ) वाइन ब्रान्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानका लागि उत्पादन इजाजत दस्तुर/शुल्क = रू. १,००,०००/-

**सुर्ती, चुरोट र गुट्खा दस्तुर/नवीकरण शुल्क (२०८०।०८१ देखि)**

थोक विक्रेता = रू. १२,०००/-

खुद्रा विक्रेता = रू. ३,०००/-

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

**अन्तःशुल्क इजाजतपत्र नवीकरण नगरे के हुन्छ?**

» जरिवाना लाग्दछ । साउनभित्र नवीकरण नगराएमा निम्नानुसार जरिवाना लाग्दछः

**जरिवाना**

» भदौ-असोज-कार्तिक २५%

» मङ्सिर-पुस-माघ ५०%

» फागुन-चैत-वैशाख ७०%

» जेठ-असार १००%

**अन्तःशुल्क इजाजत नलिई कारोबार गरे के हुन्छ?**

» दण्ड र सजाय हुन्छ । इजाजतपत्र नलिई अन्तःशुल्कजन्य वस्तुको कारोबार गरेमा

» रू. ५ हजारदेखि रू. १५ हजारसम्म जरिवाना लाग्ने

**अन्तःशुल्क स्टिकर प्रयोग नभएको मदिरा/सुर्तीजन्य पदार्थको कारोबार गरेमा के हुन्छ?**

» कानुनतः कारबाही हुन्छ ।

» नेपालभित्र उत्पादन वा पैठारी हुने मदिरा र सुर्तीजन्य पदार्थ उत्पादन वा भण्डारण गर्दाका बेला अन्तःशुल्क स्टिकर टाँस गर्नुपर्दछ ।

» मदिराको बिर्को र कार्टुनमा समेत स्टिकर प्रयोग गर्नुपर्दछ ।

» सुर्तीजन्य पदार्थको प्याकेट, बट्टा वा पोकामा स्टिकर टाँस गर्नुपर्दछ ।

**अन्तःशुल्कसम्बन्धी थप जानकारी**

» अन्तःशुल्क इजाजतपत्र प्रत्येक वर्ष साउन महिना भित्र नवीकरण गराउनुपर्दछ ।

» कुनै व्यक्तिले चाहेमा एकै पटक ३ आर्थिक वर्षको नवीकरण गर्न सक्ने व्यवस्था छ ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

» अन्तःशुल्क इजाजतपत्र आन्तरिक राजस्व विभागको वेबसाइटमा गई स्वयम्ले नवीकरण गर्न सकिन्छ ।

» अन्तःशुल्क स्टिकर टाँस नगरिएको मदिरा तथा सुर्तीजन्य पदार्थ अवैध मानिन्छ ।

**कर तिर्दा ध्यान दिनुपर्ने कुरा**

» कर तिर्नुपर्ने कार्यालयः करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

» कार्यालय कोडः ३०५०४६००१

» जुन शीर्षकमा तिर्नुपर्ने हो, सोही शीर्षकमा मात्र तिर्ने ।

» जुन आर्थिक वर्षको कर तिर्नुपर्ने हो, सोही आर्थिक वर्ष उल्लेख गर्ने ।

» स्थायी लेखा नम्बर उल्लेख गर्दा विशेष ध्यान दिने ।

करदाता सेवा कार्यालय श्रीनगर,

# मिसम्याच सम्बन्धि जानकारी

**मिसम्याच भनेको के हो?**

» कुनै करदाताले देखाएको कारोबार (बिक्रेता, क्रेता, साहु र आसामी) र अरूले उक्त करदातालाई रिपोर्टिङ गरेको कारोबार (बिक्रेता, क्रेता, साहु र आसामी) फरक परेमा त्यसलाई मिसम्याच भनिन्छ ।

» एक लाखभन्दा बढीको कारोबार गरेका करदाताहरूले आर्थिक वर्षको अन्त्यसम्ममा भएको कारोबारका आधारमा आय विवरणको अनुसूची १३ भर्नुपर्दछ । यसरी उक्त विवरण भर्दा दुवै पक्षले भरेको विवरण मिल्नुपर्दछ । नमिलेमा मिसम्याच पर्दछ ।

» मानौं अनुसूची १३ भर्दा करदाता "क" ले करदाता "ख" लाई रू. १ लाख दिन बाँकी (साहु) भनेर देखायो र करदाता "ख" ले कर दाता "क" बाट रू. १ लाख लिन बाँकी (आसामी) भनेर देखायो भने मिसम्याच पर्दैन किनभने दुवैले देखाएको कारोबार मिल्न गएको छ ।

» त्यसै  गरी खरिद र बिक्रीको हकमा पनि यस्तै हुन्छ । दुईमध्ये एकले देखाएको कारोबार फरक परेमा मात्र मिसम्याच पर्दछ ।

**के मिसम्याच पर्दैमा कर दायित्व सिर्जना हुन्छ?**

» मिसम्यास पर्दैमा कर दायित्व सिर्जना भइहाल्छ भन्ने हुँदैन तर कर दाताले पेस गरेको विवरण र मिसम्याचबाट देखिएको कारोबार मेल खाएन भने तथा करदाताले त्यसलाई पुष्टि गर्ने कागजातसमेत पेस गर्न सकेन भने मिसम्याचबाट कर दायित्व सिर्जना हुन्छ ।

» मिसम्याचका माध्यमबाट करदाताको कारोबार विश्लेषण गर्न कर अधिकृतलाई धेरै हदसम्म सहयोग मिल्दछ ।

» मानौं अनुसूची १३ भर्दा करदाता "क" ले करदाता "ख" बाट रू. १० लाखको खरिद गरेको भनी देखायो तर करदाता "ख" ले कर दाता "क" लाई रू. ८ लाखको मात्र बिक्री गरेको देखायो भने यसमा मिसम्याच पर्दछ ।

» प्रस्तुत उदाहरणमा कि त क-ले नभएको खरिद देखाएर नाफा घटाएको हुन सक्छ वा ख-ले बिक्री लुकाएको हुन सक्छ ।

**मिसम्याच पुष्टि भएमा कति कर लाग्दछ?**

» फरक परेको कारोबार (नदेखाइएको/लुकाइएको) रकममा व्यवसायलाई लाग्ने करका दरले आयकर निर्धारण गरिन्छ ।

- त्यसै गरी उक्त करमा ५०% देखि १००% सम्म जरिवाना लगाइन्छ । ब्याजसमेत तिर्नुपर्छ ।
- त्यसै गरी मू.अ. करतर्फ १३% मू.अ. कर, १००% जरिवाना, १५% ब्याज र १०% थप दस्तुर लगाएर कर निर्धारण गरिन्छ ।
- पुनश्चः मिसम्याच पर्दैमा कर निर्धारण भइहाल्ने होइन । करदाताले आफूले पेस गरेको विवरण पुष्टि गर्ने कागजात र प्रमाण पेस गरेमा मिसम्याचबाट कर निर्धारण हुँदैन ।

**मिसम्याच परेमा करदाताले के गर्नुपर्छ?**

- आफूले कारोबार गरेका प्रमाणहरू सुरक्षित राख्ने ।
- अन्य क्रेता/बिक्रेताबाट प्राप्त Confirmation Letters हरू सुरक्षित राख्ने ।

**करदाता "क" ले आर्थिक वर्ष २०७७।०७८ मा रु. २० लाख कारोबार देखाई करचुक्तासमेत लगेको छ तर आन्तरिक राजस्व विभागको Mismatch Report बाट हेर्दा प्रस्तुत करदाताले रु. ३० लाखको खरिद गरेको देखियो । यस अवस्थामा प्रस्तुत करदाताले कति मिसम्याच तिर्नुपर्ने हुन्छ?**

उदाहरणः आर्थिक ऐन, २०७९ को सुविधा लिएर तिर्ने हो भने प्रस्तुत करदाताले देहायबमोजिम मिसम्याच तिर्नुपर्ने हुन्छः

| आय विवरणमा उल्लेख गरेको कारोबार रकम (बिक्री) | अनुसूची १३ बाट देखिएको खरिद रकम | नाफा प्रतिशत (जस्तैः ५%) | घोषणा परेको कारोबार अङ्क (बिक्री) | फरक | तिर्नुपर्ने कर (१.५% का दरले) रकम |
|---|---|---|---|---|---|
| २०,००,००० | ३०,००,००० | १,५०,००० | ३१,५०,००० | ११,५०,००० | १७,२५० |

रू. १७,२५० ।०० को भौचरबाट नेपाल बैङ्क लिमिटेड वा राष्ट्रिय वाणिज्य बैङ्कमार्फत करदाता सेवा कार्यालय श्रीनगर, सल्यानको कार्यालय कोड (३०५०४६००१) मा जम्मा गरेपछि कार्यालयले उक्त भौचर रूजु (Verify) गरि दिएपछि मिसम्याच हटेर जान्छ ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

## आर्थिक वर्ष २०८०।०८१ का लागि भुक्तानीमा करकट्टी र करको दरसम्बन्धी जानकारी

| सि.नं. | भुक्तानीको विवरण | करको दर | आकर्षित हुने ऐनको दफा | अन्तिम हुने/नहुने |
|---|---|---|---|---|
| १ | रोजगारीबापतको तलव भत्ता भुक्तानी (पारिश्रमिक) | अनुसूची १ को दफा १ को उपदफा (१) वा (२) मा उल्लेख भए बमोजिम | दफा ८७(१) | सामान्यतया हुने |
| २ | सामान्य ब्याज भुक्तानी | १६ प्रतिशत | दफा ८८(१) | नहुने |
| ३ | प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी आदी | १६ प्रतिशत | दफा ८८(१) | नहुने |
| ४. | बैठक भत्ता, पटके रूपमा गरिएको अध्यापन गराएबापतको भुक्तानी, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरेबापतको भुक्तानी | १६ प्रतिशत | दफा ८८(१) | |
| दफा ९२ (१)(ज) | हुने (बैठक भत्ताका हकमा प्रति बैठक रू २० हजार सम्मको भुक्तानी मात्र अन्तिम हुने) | | | |

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

| | | | | |
|---|---|---|---|---|
| ६. | नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानी- रू छ लाख वा भुक्तानी रकमको ६० प्रतिशत मध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहने भुक्तानीमा | ६ प्रतिशत | दफा ८८(१) | |
| दफा ९२ (१)(छ) | हुने (नियमित रूपमा भुक्तानी हुने निवृत्तिभरणबाहेक) | | | |
| ६. | बासिन्दा रोजगार कम्पनीले गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिसनमा | छ प्रतिशत | दफा ८८(१)(२) | |
| दफा ९२ (१)(च) | हुने | | | |
| ७. | बायुयानको लिज (पट्टा)बापतको रकम भुक्तानी | १० प्रतिशत | दफा ८८(१)(३) | |
| दफा ९२ (१)(च) | हुने (गैर बासिन्दा व्यक्तिका हकमा) | | | |

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

| | | | | |
|---|---|---|---|---|
| ८. | मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा वा मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा | १.६ प्रतिशत | दफा ८८(१)(४) | |
| | नहुने | | | |
| ९. | बासिन्दा व्यक्तिले गरेको नेपालमा स्रोत भएको भाडा भुक्तानीमा | १० प्रतिशत | दफा ८८(१)(६) | |
| | नहुने | | | |
| १०. | मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडाबापत भुक्तानी गर्ने रकममा नहुने | १.६ प्रतिशत | दफा ८८(१)(६)(क) | |
| ११. | प्राकृतिक व्यक्तिले घर बहालबापत प्राप्त गरेको रकम | | | |

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

| | | | | |
|---|---|---|---|---|
| पुनश्च, जग्गा बहाल वा निकायलाई भुक्तानी गरि एको घर बहालबापतको भुक्तानीमा १० प्रतिशतका दरले अग्रिम करकट्टी गर्नु पर्दछ । | करकट्टी गर्नु नपर्ने | दफा ८८(१)(६)(ख) | | |
| | | | | |
| १२. | बासिन्दा व्यक्तिले भू-उपग्रह, व्याण्डविथ, अप्टिकल फाइवर, दूरसञ्चारसम्बन्धी उपकरण वा विद्युत प्रसारण लाइन प्रयोग गरेबापत गरेको भुक्तानी नहुने | १५ प्रतिशत | दफा ८८(१)(ठ) | |
| १३. | सामूहिक लगानी कोष (म्युचुअल फण्ड) बाट वितरण गरिने प्रतिफल - प्राकृतिक व्यक्तिलाई | | | |

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

| | | | | |
|---|---|---|---|---|
| | छ प्रतिशत | दफा ८८(१)(ट) | | |
| दफा ९२(१)() | | | | |
| | हुने | | | |
| | अन्य व्यक्तिलाई | १६ प्रतिशत | | नहुने |
| १४. | ढुवानी सेवाबापतको तथा ढुवानी साधन भाडामा दिएबापतको भुक्तानी रकम | २.६ प्रतिशत | दफा ८८(१)(८) | |
| दफा ९२(१)(ट) | | | | |
| | हुने (एकलौटी फर्म बाहेकको प्राकृतिक व्यक्तिका हकमा) | | | |
| १६. | मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकममा | १.६ प्रतिशत | दफा ८८(१)(८) | |
| | नहुने | | | |
| १७. | बासिन्दा बैङ्क तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैङ्कले तोकेको क्षेत्रमा लगानी गर्न विदेशी बैङ्कबाट विदेशी मुामा लिएको ऋणबापतको ब्याज भुक्तानी | १० प्रतिशत | दफा ८८(१)(ढ) | |

करदाता सेवा कार्यालय श्रीनगर, मल्यान

| | | | | |
|---|---|---|---|---|
| | हुने | | | |
| १८. | उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानुन बमोजिम भुक्तानी कार्ड, इ-मनी (वालेट), मोवाइल बैङ्किङजस्ता विद्युतीय भुक्तानीका उपकरणबाट भुक्तानी गरेबापत प्रदान गरिने प्रोत्साहन रकममा | करकट्टी गर्नु नपर्ने | दफा ८८(१)(१०) | |
| १९. | कम्पनी वा साझेदारी फर्मले भुक्तानी गरेको लाभांश | ६ प्रतिशत | दफा ८८(२)(क) | |
| दफा ९२(१)(क) | | | | |
| | हुने | | | |
| १९. | लगानी बीमाको लाभ भुक्तानी | छ प्रतिशत | दफा ८८(२)(ख) | |
| दफा ९२(१)(ग) | | | | |
| | हुने | | | |
| २० | स्वीकृति नलिएको अवकाश कोषबाट लाभको भुक्तानी | ६ प्रतिशत | दफा ८८(२)(ग) | |

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

| | | | | |
|---|---|---|---|---|
| दफा ९२(१)(घ) | | | | |
| | हुने | | | |
| २१ | नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको खण्डमा बासिन्दाबैङ्क, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी बण्डबापत भुक्तानी गर्ने ब्याज | ६ प्रतिशत | दफा ८८(घ) | |
| दफा ९२(१)(ङ) | | | | |
| | हुने | | | |
| २२ | बासिन्दा बैङ्क, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचीकृत भएका कम्पनीले करछुट पाउने संस्थालाई भुक्तानी गरेको ब्याज | १छ प्रतिशत | दफा ८८(१) | |

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

| | | | | |
|---|---|---|---|---|
| दफा ९२(१)(ङ) | | | | |
| | हुने | | | |
| २३ | प्राकृतिक व्यक्तिले गरेको व्यवसाय सञ्चालनसँग सम्बन्धित बाहेकका अन्य कुनै भुक्तानी | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(क) | |
| २४ | पत्रपत्रिकामा प्रकाशित लेख र चनाबापतको भुक्तानी | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(क१) | |
| | | | | |
| २५ | बासिन्दा बैङ्क वा अरू बासिन्दा वित्तीय संस्थालाई तिरेको ब्याज | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(ख) | |
| २६ | कर छुट पाएको भुक्तानी | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(ग) | |
| २७ | क्रेडिट कार्ड जारी गर्ने बैङ्कलाई तिरेको इन्टररिजिनल इण्टरचेन्ज शुल्क | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(घ) | |
| २८ | सामूहिक लगानी कोष (म्युचुअल फन्ड) लाई भुक्तानी गरेको लाभाशं र ब्याज | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(ङ) | |
| २९ | आकस्मिक लाभ | २६ प्रतिशत | दफा ८८क(१) | |

करदाता सेवा कार्यालय श्रीनगर, सल्यान

| | | | | |
|---|---|---|---|---|
| दफा ९२(१) (झ) | हुने | | | |
| ३० | साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकारिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासनको क्षेत्रमा योगदान पुर्याएबापत प्राप्त हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका पाँच लाख रूपियाँसम्मका पुरस्कार | कर कट्टी गर्नु नपर्ने | दफा ८८क(२) | |
| ३१ | ठेक्का वा करारबापत रू. छण हजार भन्दा बढी रकमको भुक्तानी | १.छ प्रतिशत | दफा ८९(१) | नहुने |
| ३२ | गैर बासिन्दा व्यक्तिलाई भुक्तानी हुने वायुयान मर्मत तथा अन्य ठेक्का वा करार | छ प्रतिशत | दफा ८९(घ)(क) | हुने |
| ३३ | गैर बासिन्दा व्यक्तिलाई भुक्तानी हुने पुनर्बीमा प्रिमियम र गैर बासिन्दा बीमा कम्पनीबाट पुनर्बीमाबापत प्राप्त हुने प्रिमियम रकमबाट दिईने कमिसन | १.छ प्रतिशत | दफा ८९(घ)(ख) | हुने |
| ३४ | गैर बासिन्दा व्यक्तिलाई हुने अन्य भुक्तानी | विभागले तोके बमोजिम/लिखित सूचना दिए बमोजिम | दफा ८९(घ)(ग) | हुने |
| ३५ | उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाखरूपियाँभन्दा बढीको भुक्तानी रकममा | १.छ प्रतिशत | दफा ८९(घक) | नहुने |

कर शिक्षा सेवा कार्यालय श्रीनगर सत्याम